# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड १० चौमाला, कैलाली श्रावण २७ गते, बुधबार २०८३ साल (संख्या १३)


## गौरीगङ्गा नगरपालिकाको भू -उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार र मापदण्ड , २०८३

**स्वीकृत मितिः- २०८३/०४/१४**

गौरीगङ्गा नगरपालिका, कैलालीको सरहद भित्रको विद्यमान जग्गा जमिनलाई भू -उपयोग ऐन,२०७६ तथा भू-उपयोग नियमावली, २०७९ को आधार र मापदण्डका अनुसार भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन,२०७६ को दफा (५) को उपदफा (३) वमोजिम तथा गौरीगङ्गा भू-उपयोग क्षेत्र नक्सालाई अद्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस आधार र मापदण्डको नाम "**भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड,२०८३**" रहेको छ ।

(ख) यो आधार र मापदण्ड कार्यपालिकाले स्वीकृत गरेको मितिबाट गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आधार र मापदण्डमा,

(क) **"ऐन"** भन्नाले भू-उपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ ।

(ख) **"नियमावली"** भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ ।

(ग) **"नगरपालिका"** भन्नाले गौरीगङ्गा नगरपालिका, कैलालीलाई सम्झनु पर्दछ ।

(घ) **"कार्यपालिका"** भन्नाले गौरीगङ्गा नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) **"आवासीय क्षेत्र"** भन्नाले मानवीय वासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु

कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

(च) **"औद्योगिक क्षेत्र"** भन्नाले कुनै पनि कारखाना स्थल (कार्यशाला) वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनुपर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

(छ) **"कृषि क्षेत्र"** भन्नाले खेतीपाती गरी कृषि बाली उत्पादन, पशुपंक्षी पालन, फार्म हाउस, मत्स्य पालन, माहुरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

(ज) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन तथा सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले ऐन, नियम वा यस मापदण्डमा तोकिएको तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) **"भू-उपयोग"** भन्नाले भूमिको उपयोग वा प्रयोग सम्झनु पर्छ।

(ट) **"भू-उपयोग क्षेत्र"** भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(ठ) **"भू-उपयोग क्षेत्र नक्सा"** भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ।

(ड) **"भू-उपयोग योजना"** भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ।

(ढ) **"भूमि"** भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमा सम्मको भाग सम्झनु पर्छ।

(ण) **"वन क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन जंगलको क्षेत्र सम्झनु पर्छ।

(त) **"व्यावसायिक क्षेत्र"** भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(थ) **"सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनी तोकिएका क्षेत्र सम्झनु पर्छ।

(द) **"सार्वजनिक उपयोगको क्षेत्र"** भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाईकुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान

तथाअन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

## ३. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार र मापदण्ड :

### ३.१ व्यवसायिक क्षेत्रः

- गौरीगङ्गा नगरपालिकाको क्षेत्रभित्र रहेको महेन्द्र राजमार्गको क्षेत्राधिकारबाट दायाँ बायाँ १५० फिट सम्मको जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन
- गौरीगङ्गा नगरपालिका, वडा नं. १ मंगलपुर चोक, चौमाला चौराह बजार, गोप्का चोक क र ख ४५ मिटर परसम्मको जग्गाहरु,
- गौरीगङ्गा नगरपालिका, वडा नं. ३ः झील चौराहा को वरपर र कुचैनी चोकको वरपर ५०० मिटरसम्मका जग्गाहरु,
- गौरीगङ्गा नगरपालिका, वडा नं.  ५ः पिपल चोक, बालुवाटार चोक, मिलन चोक, सिसौरा चोक र शिबिर चोकमा पर्ने बाटोहरुको दायाँ बायाँ २५ मिटरसम्मका जग्गाहरु,
- गौरीगङ्गा नगरपालिका वडा नं. ७: हाल व्यवसाय भैरहेको क्षेत्रहरुः मसुरिया खानेपानी चोक, मन्त्री चोक, पिपल चोक, स्कुल चोक, देउवा  चोक वरिपरिका क्षेत्रहरु र सेवा दिन स्थापना भएका कार्यालयहरुः वडा कार्यालय, मसुरिया अंग्रेजी  स्कुल, आधारभूत स्वास्थ्य केन्द्र, सुनपाल महिला कृषि सहकारी संस्था लि, सुनपाल सामुदायिक भवन, कैलाश सामुदायिक भवन क्षेत्रहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन् ।
- गौरीगङ्गा नगरपालिका वडा नं. ८: हाल व्यवसाय भैरहेका क्षेत्रहरु जस्तै शिव बजार चमारीपुर चोक, लिक्मा चोक, गुलनिया चोक र सेवा दिन स्थापना भएका निजी तथा सार्वजनिक भवन क्षेत्रहरु जस्तै वडा कार्यालय, सुर्योदय स्कुल, स्पोर्ट्स हल, गौरीगंगंगा ११ स्पोर्ट्स क्लब, मोरल नेप्लिज,  त्रिवेणी युवा भवनका जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।
- गौरीगङ्गा नगरपालिका वडा नं. ९: हाल व्यवसाय भैरहेको क्षेत्रहरु : मसुरिया बजार क्षेत्र, मसुरिया हेल्थ पोस्ट, शंकरपुर चोक, सापकोटा चोक, महादेव मा.वि. चोक, भगवानपुर चोक र सेवादिन स्थापना भएका निजी, सार्वजनिक सरकारी भवन क्षेत्रहरुः वडा कार्यालय, बिहानी क्षितिज इंग्लिश बोर्डिंग, मसुरिया ग्रामीण विद्युत सहकारी संस्था, एकता जैविक विविधता सहकारी, धन वर्षा कृषि सहकारी, मनकामना बहुउद्देश्यीय सहकारी, देउराली महिला कृषि सहकारी आदि क्षेत्रहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन् ।
- गौरीगङ्गा नगरपालिका वडा नं. १०ः हाल व्यवसाय भैरहेको क्षेत्रहरु : रामजानकी चोक, उत्तर चोक, चन्द्र चोक, पिपल चोक, भगतपुर आदि क्षेत्रहरुको वरिपरी २० मिटर परसम्मका जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन।
- गौरीगङ्गा नगरपालिका वडा नं. ११ः हाल व्यावसाय भैरहेको क्षेत्रहरुः कान्तिपुर चोक, कालिका चोक, किसान एकता कृषि सहकारी संस्था, आधारभूत स्वास्थ्य केन्द्र, वडा कार्यालयको क्षेत्र, स्वास्थ्य वर्थिंग सेन्टरका जग्गाहरु व्यावसायिक क्षेत्र अन्तर्गत रहनेछन्।

**३.२ आवासीय क्षेत्रः**

हाल बसोबास भैरहेका सबै घर, अपार्टमेन्ट र तिनले चर्चेको क्षेत्रफल आवासीय क्षेत्रमा रहनेछन् । साथै निम्न बमोजिमका बाटोहरुको हकमा बाटोको क्षेत्राधिकारबाट दायाँ बायाँ व्यावसायिक र आवासीय क्षेत्र निम्न अनुसार वर्गीकरण गरिनेछ।

### ३.२.१ गौरीगङ्गा नगरपालिका, वडा नं. १ः

| क्र.स. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्ग | १६६ | १५० | १५० |
| २ | माघी लठैया सडक | ४४ | | १०० |
| ३ | चनौरारिंगरोड | ३४ | | १०० |
| ४ | गोप्कादक्षिण चक्रपथ | ३४ | | १०० |
| ५ | गोप्काउत्तर चक्रपथ | ३४ | | १०० |
| ६ | मंगलपुर चक्रपथ | ४४ | ६० | १०० |
| ७ | लठैया शिबिर सडक | ३४ | | १०० |
| ८ | विद्युत सबस्टेसन सडक | ४० | | १०० |
| ९ | सम्झना शिबिर सडक | २६ | | १०० |
| १० | गोप्का-चनौरा केदारेश्वर आ.वि. सडक | ३० | | १०० |
| ११ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.२ गौरीगङ्गा नगरपालिका, वडा नं. २ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्ग | १६६ | १५० | १५० |
| २ | कालिका सडक | ३० | | १५० |
| ३ | झिल चौराहा - आम बगिया -बेहडाबाबा धनगढी जोड्ने प्रादेशिक सडक | ५० | | १५० |
| ४ | धवई-भागेश्वर-उदासी नमुना टोल-जलघुस्रा जोड्ने सडक | ५० | | १५० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | धवई पिपल चौतारा—धवई शान्ति-उदासी खेलमैदान जोड्ने सडक | ३० | | १५० |
| ६ | बोरिंग-बेहडाबाबा (भादा खोला हुँदै) जोड्ने सडक | २० | | १०० |
| ७ | जब्दा -भोजपुर सडक | २० | | १०० |
| ८ | राना टोल-भोजपुर सडक | ४० | | १५० |
| ९ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.३ गौरीगङ्गा नगरपालिका, वडा नं. ३ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्ग | १६६ | १५० | १५० |
| २ | तल्लो कुचैनी सडक | ४४ | | १०० |
| ३ | तल्लो बासुदेव भोजपुर सडक | ४४ | | १०० |
| ४ | माथिल्लो बासुदेव भोजपुर सडक | ४४ | | १०० |
| ५ | भोजपुर — चौमाला सडक | ४० | | १०० |
| ६ | कालिका सडक | ३२ | | १०० |
| ७ | झील चक्रपथ | ४० | ५० | १०० |
| ८ | कालापानी सडक | ४० | | १०० |
| ९ | झील बीच टोल सडक | ३२ | | १०० |
| १० | बासुदेव-आम्बारी सडक | ४० | | १०० |
| ११ | जब्दा भोजपुर सडक | ३२ | | १०० |
| १२ | तल्लो कुचैनी सडक | ४० | | १०० |
| १३ | तल्लो कुचैनी राजीव टोल सडक | ३३ | | १०० |
| १४ | माथिल्लो राजीव टोल सडक | ३३ | | १०० |
| १५ | लक्ष्मी चोकदेखि पूर्व शिवागंगा नदी जाने सडक | ३३ | | १०० |
| १६ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.४ गौरीगङ्गा नगरपालिका, वडा नं. ४ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्ग | १६६ | १५० | १५० |
| २ | कृषि सडक | ४४ | | १५० |
| ३ | बिच बजार सडक-कृषि सडक | ३० | | १५० |
| ४ | वडा कार्यालय — सुपारिआम टोल सडक | ३० | | १०० |
| ५ | कालिका प्राविधिक शिक्षालय-ठुम्का टोल सडक | ४० | | १०० |
| ६ | हरियाली सामुदायिक वन भवन-लंगडी गाउँ सडक | ३० | | १०० |

गौरीगंगा राजपत्र

| | | | | |
|---|---|---|---|---|
| ७ | दक्षिणपुर - कुट्टीकटान सडक | २४ | | १०० |
| ८ | शान्ति टोल सडक | २४ | | १०० |
| ९ | शिमलपुर-दक्षिणपुर टोल सडक | २४ | | १०० |
| १० | उत्तर चेपकटला शिबिर सडक | ३० | | १०० |
| ११ | खानेपानी टंकी-चेपकटला सडक | २४ | | १०० |
| १२ | बीच बजार-सिँचाइ कुलो सडक | ३३ | | १०० |
| १३ | पुरानो बजार - उत्तर खानेपानी टंकी सडक | ३० | | १०० |
| १४ | जनता स्कुल-गौरीगंगेश्वर धाम सडक | ४० | | १०० |
| १५ | खल्ला बजार-राजिपुर ढल निकास सडक | ३० | | १०० |
| १६ | वडा कार्यालय-खल्ला सडक | २४ | | १०० |
| १७ | मसुरिया — हसुलिया सडक | ६४ | | १०० |
| १८ | राम जानकी सडक | ४० | | १०० |
| १९ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.५ गौरीगङ्गा नगरपालिका, वडा नं. ५ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | शिशु सुधार सडक | ३० | | १०० |
| २ | शाखा सडकहरु | २६ | | १०० |
| ३ | चक्रपथ | २६ | | १०० |
| ४ | रेल डण्डी सडक | ३० | | १०० |
| ५ | मटकौना पच्छलापट्टी टोल सडक | २६ | | १०० |
| ६ | कोहोलपुर सडक | २६ | | १०० |
| ७ | झुलंगे पुल सडक | ३० | | १०० |
| ८ | बसन्त टोल सडक | ३० | | १०० |
| ९ | बालुवाटार सिसौरा चक्रपथ | ३० | १०० | १०० |
| १० | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.६ गौरीगङ्गा नगरपालिका, वडा नं. ६ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्ग | १६६ | १५० | १५० |
| २ | सान्नीकोट सामुदायिक भवन-ल्याण्डमार्क होटेल सडक | ३५ | | १०० |
| ३ | दक्षिण चोक सडक | २६ | | १०० |

गौरीगंगा राजपत्र

| | | | | |
|---|---|---|---|---|
| ४ | प्लटिंग सडक | २६ | | १०० |
| ५ | रानीफाटा गाउँ सडक | २६ | | १०० |
| ६ | कठौतिया प्रतिक्षालय- पानी टयांकी-धनगढी उ.प. म.न.पा. वडा वडा नं. १७ सरौटा जोड्ने सडक | ४० | | १०० |
| ७ | दैद्वारी सडक | २६ | | १०० |
| ८ | कठौतिया सडक | २६ | | १०० |
| ९ | चरिडाँडा सडक | २६ | | १०० |
| १० | बिजय नगर-रानीफाँटा सडक | ३० | ६० | १०० |
| ११ | वनबेहड़ा - मोया सडक | २६ | | १०० |
| १२ | वनबेहड़ा बजार-मोया- धनगढी उ.प. म.न.पा.वडा वडा नं. १७ सरौटा जोड्ने सडक | ४२ | ६० | १०० |
| १३ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.७ गौरीगङ्गा नगरपालिका, वडा नं. ७ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | चक्रपथ | ४६ | | १०० |
| २ | बनटुक्रा सडक | ३० | | १०० |
| ३ | देउवा टोल सडक | ३० | | १०० |
| ४ | बसन्त टोल सडक | ३० | | १०० |
| ५ | महुलिया सिमसार सडक | ३० | | १०० |
| ६ | कम्दा टोल सडक | २६ | | १०० |
| ७ | धामी टोल सडक | ३० | | १०० |
| ८ | बेहता सडक | २६ | | १०० |
| ९ | कैलाशपुर टोल सडक | २६ | | १०० |
| १० | बिस्ट टोल सडक | २६ | | १०० |
| ११ | मटकौना — पछलापट्टी टोल सडक | २६ | | १०० |
| १२ | गुलनिया चोक-सिमाना सडक | २६ | | १०० |
| १३ | गुलनिया चोक-मलेसिया टोल सडक | २६ | | १०० |
| १४ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.८ गौरीगङ्गा नगरपालिका, वडा नं. ८ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्ग | १६६ | १५० | १५० |
| २ | मसुरिया बजारदेखि पिपल डाँडा जोड्ने सडक | ४५ | | १०० |
| ३ | पेट्रोल पम्प देखि महादेवा जाने सडक | २६ | | १०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | गिधनिया चोकदेखि सुपरजोन जाने सडक | ३० | | १०० |
| ५ | पेट्रोल पम्पदेखि पिपल डाडा जाने सडक | २६ | | १०० |
| ६ | म्याक्स चोक आँधिखोला सडक | ३३ | | १०० |
| ७ | गिधनिया चोक-जनप्रिय विद्यालय जाने सडक | २६ | | १०० |
| ८ | पिपल डाडा सडक | ५० | | १०० |
| ९ | जनप्रिय स्कुल चोक-बसन्त टोल सडक | २६ | | १०० |
| १० | बढैपुर —मटकौना सडक | ४० | | १०० |
| ११ | बढैपुर-चमारिपुर सडक | ३० | | १०० |
| १२ | चमारिपुर-मसुरिया स्वास्थ चौकी सडक | ३० | | १०० |
| १३ | गिधनिया-पिपल डाडा चोक सडक | ४६ | | १०० |
| १४ | लिक्मा चोक - ७ नम्बर वडा सिमाना सडक | २६ | | १०० |
| १५ | उत्तर लिक्मा चोक - लक्ष्मनिया कटान सडक | २६ | | १०० |
| १६ | शिव बजार-वाड नम्बर ५जाने सडक | ३३ | | १०० |
| १७ | गुलनिया चोक-वाड नम्बर ७ जाने सडक | २६ | | १०० |
| १८ | गुलनिया चोक-मलेसिया चोक जाने सडक | २६ | | १०० |
| १९ | मसुरिया स्वास्थ चौकी-सिमल डाँडा सडक | ४० | | १०० |
| २० | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

## ३.२.९ गौरीगङ्गा नगरपालिका, वडा नं. ९ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | महेन्द्र राजमार्ग | १६६ | १५० | १५० |
| २ | रजिया शाखा सडक | ३० | | १०० |
| ३ | रजिया बनखेत सडक | ३० | | १०० |
| ४ | उत्तर शंकरपुर सडक | ३० | ६० | १०० |
| ५ | दक्षिण शंकरपुर सडक | ३० | | १०० |
| ६ | शिव टोल सडक | ३० | | १०० |
| ७ | वजुवा शाखा सडक | २६ | | १०० |
| ८ | मसुरिया गाउँ सडक | ३० | | १०० |
| ९ | कान्द्रा नदी सडक | ४० | | १०० |
| १० | जोडीपोखरी सडक | २६ | | १०० |
| ११ | गुरुवन टोल सडक | २६ | | १०० |
| १२ | जरीकटान शाखा सडक | २६ | | १०० |
| १३ | एकान्त वस्ती सडक | ४६ | | १०० |
| १४ | मन्त्री टोल जानेसडक | २६ | | १०० |
| १५ | भवानी मा. वि.-मसुरिया टोल सडक | ४० | | १०० |
| १६ | बनखेत रिंग रोड | ४६ | | १०० |

| | | | | |
|---|---|---|---|---|
| १७ | मसुरिया बजार - ऐठा सडक | ४६ | | १०० |
| १८ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

### ३.२.१० गौरीगङ्गा नगरपालिका, वडा नं. १०ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | सुन्दरपुर—भैसासुर सडक | ४० | ६० | १०० |
| २ | शान्तिपुर सडक | ४० | | १०० |
| ३ | राम जानकी सडक | ४० | | १०० |
| ४ | नुक्लिपुर सडक | ४० | | १०० |
| ५ | नुक्लिपुर-भगतपुर सडक | ४० | | १०० |
| ६ | मोहन्याल सडक | ४० | | १०० |
| ७ | मसुरिया हसुलिया सडक | ६४ | ६० | १०० |
| ८ | मसुरिया गाउँ सडक | ३० | | १०० |
| ९ | कालिका सडक | ४० | | १०० |
| १० | जवलपुर सडक | ४० | | १०० |
| ११ | देउथान सडक | ४० | | १०० |
| १२ | भैसासुर सडक | ४० | | १०० |
| १३ | भगतपुर सडक | ४० | ६० | १०० |
| १४ | बेताल सडक | २६ | | १०० |
| १५ | ओरगान सडक | ४० | | १०० |
| १६ | वडाभित्रका अन्य शाख बाटोहरु | २० | | १०० |

### ३.२.११ गौरीगङ्गा नगरपालिका, वडा नं. ११ः

| क्र.सं. | सडकको नाम | सडकको क्षेत्राधिकार (फिट) | व्यावसायिक क्षेत्र (फिट) | आवासीय क्षेत्र (फिट) |
|---|---|---|---|---|
| १ | मसुरिया- डम्मारिपुर -मूलकृषि सडक | ४० | | १०० |
| २ | त्रिवेणी चोक-ऐठा जैविक पार्क सडक | ४० | | १०० |
| ३ | भवानी राष्ट्रिय मा.वि.-कृषि सडक | ४० | | १०० |
| ४ | भवानी रास्ट्रीय मा. वि. - तेम्प्री मसुरिया सडक | ४० | | १०० |
| ५ | बझांगी टोल—चन्द्रखाती घरसम्मको सडक | २६ | | १०० |
| ६ | शिवपुर कृषि सडक - गज्रौला बजार कृषि सडक | २६ | | १०० |
| ७ | चम्रिया कृषि सडक-शिव आ.बि. सम्म को सडक | २६ | | १०० |
| ८ | झन्झटपुर कृषि सडक-पश्चिम नदी सम्मको सडक | ३० | | १०० |
| ९ | कृषि सडक-शिव आ.वि. हुदै डम्मारिपुर फिर्ता चौधरीको घरसम्म को सडक | २६ | | १०० |
| १० | डम्मारीपुर कृषि सडक - पश्चिम नदी सम्मको सडक | २६ | | १०० |

| | | | | |
|---|---|---|---|---|
| ११ | डम्मारीपुर क्लब घर - देउनान टोल सम्मको सडक | २६ | | १०० |
| १२ | सरोज चौधरीको घर—महिदियाँन टोल सम्म को सडक | २६ | | १०० |
| १३ | कान्तिपुर बजार थापाको घर-बैजहुवा कल्भर्ट हुदै शिवपुरसम्मको सडक | २६ | | १०० |
| १४ | पन्चवती सामुदायिक भवन-पश्चिम कान्तिपुरसम्मको सडक | २६ | | १०० |
| ५ | जरहीकटान झुपलालकडेलको घर-पुर्ब चौधरीको घरसम्मको सडक | २६ | | १०० |
| १६ | वडाभित्रका अन्य शाखा बाटोहरु | २० | | १०० |

**३.३ साँस्कृतिक तथा पुरातात्विक क्षेत्रः**

गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र पर्ने धार्मिक तथा साँस्कृतिक सम्पदासँग जोडिएका मठ, मन्दिर, देवस्थल, गुम्बा, चर्च, मस्जित, आदि क्षेत्रहरू साँस्कृतिक तथा पुरातात्विक क्षेत्र अन्तर्गत रहनेछन् ।

**३.४ नदी, खोला, ताल सिमसार क्षेत्रः**

गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र पर्ने नदी, खोला, कुलो, ताल, कृत्रिम तालक्षेत्रहरु नदी, खोला, ताल सिमसार क्षेत्र अन्तर्गत रहनेछन् ।

**३.५ सार्वजनिक उपयोगको क्षेत्रः**

गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र पर्ने सरकारी तथा सामुदायिक विद्यालय, अन्य सार्वजनिक शिक्षण क्षेत्र, खेलमैदान, बाल उद्यान, अन्य प्रकारका उद्यान, आर्यघाट, सिंचाई कुलो, सवै प्रकारका सामुदायिक भवन सार्वजनिक उपयोगको क्षेत्र अन्तर्गत रहनेछन् ।

**३.६ वन क्षेत्रः**

गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र पर्ने निजि वन वाहेकका सबै प्रकारका वनहरु वन क्षेत्र अन्तर्गत रहनेछन् ।

**३.७ खानी तथा खनिज क्षेत्रः**

गौरीगङ्गा नगरपालिका भित्रका नदितट अन्तर्गत पर्ने नदिजन्य सामाग्रीहरु उत्खनन क्षेत्रहरु तथा खानी तथा खनिज क्षेत्रको परिभाषाभित्र पर्ने क्षेत्रहरु खानी तथा खनिज क्षेत्र अन्तर्गत रहनेछन् ।

**३.८ औद्योगिक क्षेत्रः**

- वडा नं. १ः लाल इट्टा उद्योग, सिर्जना इट्टा उद्योग, चनौरा औद्योगिक क्षेत्रका जग्गाहरु।
- वडा नं. २ः केदार फर्निचर उद्योग, धिरज फर्निचर उद्योग, कुटानी - पिसानी तथा पेलानी मिलहरु तथा अन्य उद्योग क्षेत्रका जग्गाहरु ।
- वडा नं. ६ः वडीमालिका काठ उद्योग, ऋद्धिसिद्धि उद्योग क्षेत्रका जग्गाहरु ।
- वडा नं. ९ः घोडाघोडी बिउ उत्पादन कम्पनी, सेती प्लास्टिक उद्योग, भागेश्वर होम पाईप उद्योग, बिरेन्द्र काठ उद्योग क्षेत्रका जग्गाहरु ।
- गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिकाले औद्योगिक क्षेत्र भनी तोकेको जग्गा तथा क्षेत्र ।

**३.९ कृषि क्षेत्रः**



गौरीगङ्गा राजपत्र

माथि उल्लेखित क्षेत्रहरु बाहेकका गौरीगङ्गा नगरपालिका क्षेत्रभित्र पर्ने अन्य आवादी क्षेत्रहरु कृषि क्षेत्र अन्तर्गत रहनेछन् ।

**द्रष्टव्यः**

१. कित्तागत विवरणमा  कि.नं. ०, ०००० तथा ९९९९ जस्ता अस्पष्ट कित्ताहरू भएमा सम्बन्धित नापी कार्यालयसँग रहेको अभिलेखको कि.नं. अनुसार कायम हुनेछ।

२. २०८३ असार मसान्त सम्मका फाइल नक्सामा भएका कित्ताको कित्तागत वर्गीकरणका सम्बन्धमा फाइल नक्साको मूल कित्ताबाट बाटो सहित घडेरीका रुपमा कित्ताकाट भएकोमा गौरीगङ्गा भू-उपयोग योजनाको डाटावेस नक्सा तथा कित्तागत विवरणमा (व्यवसायिक तथा आवासीय क्षेत्र भए सोहि बमोजिम) कृषि क्षेत्र जनिएको भएतापनि आवासीय क्षेत्र कायम हुनेछ ।

३. वन तथा सरकारी, सार्वजनिक र सामुदायिक जग्गाहरुको कित्तागत विवरणमा जुनसुकै क्षेत्र भएतापनि नेपाल सरकारको अभिलेख अनुसार कायम गरिनेछ ।

४. कुनै कित्ता दुई वा दुई भन्दा वढी भू-उपयोग क्षेत्रमा पर्न गएमा क्रमशः व्यावसायिक क्षेत्र, आवासीय क्षेत्र, औद्योगिक क्षेत्र र कृषि क्षेत्र अनुसार प्राथमिकता दिई वर्गीकरण गरिनेछ ।जस्तोः कुनै कित्ता आवासीय र कृषि क्षेत्र दुवैमा पर्न गएमा आवासीय क्षेत्र हुनेछ ।

५. कित्तागत विवरणमा कुनै कित्ता छुट हुन गएमा गौरीगङ्गा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी डाटावेस नक्सा तथा आधार र मापदण्ड अनुसार कायम हुनेछ । फायल नक्साको कित्ताका हकमा बुदाँ नं. २ बमोजिम नै हुनेछ ।

६. कित्तागत विवरणमा भएका कुनै कित्ता कित्ताकाट भई अन्य कित्ता कायम हुन भएमा कित्तागत विवरणमा भएको कित्तालाई शुरु कित्ता मानी सोहि वमोजिमको क्षेत्र वर्गीकरण कायम हुनेछ ।

७. कित्तागत विवरणमा छुट हुन गएका प्रशासनिक सिमाना भन्दा बाहिरका कित्ताका सम्बन्धमा गौरीगङ्गा नगरपालिकाको भूउपयोग परिषदबाट गरिने निर्णय अनुसार हुनेछ ।

८. आधार र मापदण्ड तथा कित्तागत विवरण र डाटाबेस नक्सामा दोहोरा वर्गीकरण भई अस्पष्ट हुन गएमा स्थानीय भूउपयोग परिषदले निर्णय गरे वमोजिम हुनेछ ।

९. नापी कार्यालयको नक्सा तथा अभिलेखमा बाटो कायम भएकोमा सो बाटोलाई नै आधार मानि अन्य कित्ताहरुको वर्गीकरण (डाटाबेस नक्सा तथा कित्तागत विवरणमा जुनसुकै क्षेत्र भएतापनि) गौरीगङ्गा नगरपालिका भूउपयोग परिषदको आधार र मापदण्ड अनुसार नै हुनेछ ।

१०. नगरपालिकाको स्वीकृत मापदण्ड बमोजिम व्यवसायिक वा आवासीय प्रयोजनका लागि जग्गाको  प्लटिंग वा खण्डिकरण गरिएमा डाटाबेस नक्सा, जग्गा वर्गीकरणको आधार र मापदण्ड तथा कित्तागत विवरणमा जुनसुकै क्षेत्र भएतापनि व्यवसायिक वा आवासीय क्षेत्र कायम हुनेछ।

आज्ञाले

भक्तराज जोशी

प्रमुख प्रशासकिय अधिकृत



गौरीगङ्गा राजपत्र